**पूर्णबहादुर खड्का**
निवर्तमान कार्यवाहक सभापति
पूर्व उपप्रधानमन्त्री तथा रक्षा, गृहमन्त्री

नेपाली | कांग्रेस

**PURNA BAHADUR KHADKA**
Immediate Past Acting President Nepali Congress
Former Deputy Prime Minister Defence,
Home Minister Nepal

२०८३ वैशाख १७

## प्रेश विज्ञप्ति

चौधौ महाधिवेशनबाट निर्वाचित नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिका निवर्तमान पदाधिकारी तथा सदस्यहरु, प्रदेस कार्यसमितिका सभापति,प्रदेशसभा संसदीय दलका नेता,जिल्ला कार्यसमितिका सभापति, संसदीय निर्वाचन क्षेत्रका सभापति, भ्रातृ संघ तथा शुभेच्छु संस्थाका प्रमुख एवं प्रतिनीधिहरुको विस्तारित बैठक निवर्तमान कार्यवाहक सभापति श्री पूर्णबहादुर खड्काको संयोजकत्वमा २०८३ वैशाख १५ र १६ गते सम्म काठमाण्डौमा बस्यो र बैठकले विभिन्न विषयमा छलफल गरि निम्नानुसार निष्कर्ष निकालेको छ ।

१. सामान्यतः २०८४ साल मंसिरमा हुनुपर्ने प्रतिनिधीसभाको निर्वाचन, जेनजी बिद्रोह र त्यसैको जगमा बनेको सरकारले विद्यमान संसद विघटन गरि २०८२ फागुन २१ गते मध्यावधी निर्वाचनको घोषणा र निर्वाचन कार्यतालिका समेत सार्वजनिक गरिसकेपछि पार्टीले निर्वाचनमा भाग लिने संस्थागत निर्णय पनि गरेको अवस्थामा निर्वाचन भन्दा पहिले नेपाली कांग्रेस पार्टी भित्र आन्तरिक प्रतिष्पर्धा, मतभेद वा आपसी वैमनस्यता हुने किसिमका अधिवेशन, महाधिवेशनका वा त्यसता प्रकृतिका कुनैपनि कार्यक्रमहरु गर्नु उपयुक्त हुन्न भन्ने ततकालिन केन्द्रीय कार्यसमितिको तीन चौथाइ सदस्यहरुको मत रहेको थियो । तर जेनजी बिद्रोह भन्दा करिब दुई महिना पहिले २०८३ मंसिर महिनामा पन्ध्रौ महाधिवेशन हुने गरि क्रियाशील सदस्यता नविकरण तथा वितरण जस्ता कार्यक्रमहरु आफैले प्रस्ताव गरि सर्वसम्मत पारित भएका निर्णयहरुको विपरित जेनजी विद्रोह पश्चात अकस्मात तीन महिना भित्रै महाधिवेशन गर्नैपर्छ नत्र विशेष महाधिवेशन गर्छौं भन्ने ततकालिन महामन्त्रीहरुको धारणा, प्रस्ताव, जिद्धी अनुसार उनीहरुले विशेष महाधिवेशनको माग गर्ने हस्ताक्षर अभियाननै चलाए । उक्त अभियान र गतिविधी नै राष्ट्रिय राजनीतिलाई धमिल्याउँने र आज पार्टीलाई यो कम्जोर अवस्थामा ल्याउँने षडयन्त्रको पहिलो कदम बन्न पुग्यो ।

२. राजनीतिक षडयन्त्रको तानाबानाका झलकहरु सजिलै अनुमान गर्दागर्दै पनि राज्य संयन्त्रका सम्बन्धित निकायहरुमा परेको प्रभावका कारण पार्टी एकता जोगाउँन सकिएन र निर्वाचनको संघारमा नेपाली कांग्रेस छिन्न भिन्न हुने ईतिहासकै सबैभन्दा ठूलो दर्दनाक अवस्थामो पुग्यो । श्रद्धेय तत्कालीन पार्टी सभापति शेरबहादुर देउबाको धैर्यता, सहनशीलता संगै अन्य नेताहरुको साथ सहयोगले तत्काल पार्टी विभाजनबाट रोक्न त सफल भयौ तर विभाजित मन जोड्न सकिएन परिणामत कांग्रेस विरुद्धको षडयन्त्रको उद्देश्य पुरा भयो । निर्वाचनमा कांग्रेसले समनाक हार व्यहोर्नु पऱ्यो । जसले भाद्र २३ गतेको अपरान्न पछि जेन्युन जेन्जी आन्दोलन लाइ हाईज्याक गरे त्यही शक्तिले २४ गते राज्यका प्रमुख सबै संरचनाहरु, स्रोत साधन र सम्पति मात्रै होइन लोकतन्त्रको स्थापना र पुर्नबहाली गर्न भूमिका खेलेका ऐतिहासिक धरोहरहरु, राजनितिक दल र तीनका कार्यालय एवं नेता र उनको सम्पति,ब्यापारीक प्रतिष्ठानहरुमा आक्रमण, आगजनी र तोडफोड गरे गराए,त्यसैको जगमा हालको शक्तिले निर्वाचनमा अनपेक्षित मत प्राप्त गऱ्यो ।

जसका धेरै आधार र कारणहरु मध्ये नेपाली कांग्रेस भित्र रहस्यमय ढंगले अकस्मात उठाईएको विवाद, पार्टीको विधी, विधान र निर्णय विपरित गरिएको विशेष महाधिवेशनलाई बिना सोधपुछ, जाँचबुझ र कानूनी परिक्षण



**Email :** purnakhadka649@gmail.com **Phone:** +977 9851085749

पूर्णबहादुर खड्का
निवर्तमान कार्यवाहक सभापति
पूर्व उपप्रधानमन्त्री तथा रक्षा, गृहमन्त्री

नेपाली कांग्रेस

PURNA BAHADUR KHADKA
Immediate Past Acting President Nepali Congress
Former Deputy Prime Minister Defence,
Home Minister Nepal

बिना सम्बन्धित पक्षलाई थाहै नदिई एकतर्फीरूपमा योजनाबद्धतरीकाले अध्यावधीको नाममा निर्वाचन आयोगले अरूलाईनै आधिकारिकता प्रदान गर्न, उही राजनीतिक घटनाक्रमको प्रभावको निरन्तरता हो भन्ने कुराको आशङ्का गर्ने प्रसस्त आधारहरू देखिन्छन् ।

३ सर्वोच्च अदालतले हाम्रो रिट निवेदन उपर गरेको आदेशका आधार र कारणहरू नेपालको संविधान, दल सम्बन्धि प्रचलित कानुन,निर्वाचन आयोग द्वारा विगतमा दलहरूको विवादको फैसला गर्दा स्थापित कतिपय नजिरहरू र स्वयं नेपाली कांग्रेसको विधानसंग हामीले हेर्दा मेल देखिदैन । आदेशमा कुनै पनि न्यायिक मन हामीले भेटेनौ । आदेसमा उल्लेखित आधारहरूमा सहमत नहुँदा नहुँदै पनि नेपाली कांग्रेसपार्टी विधीको शासन मान्ने, स्वतन्त्र न्यायपालिकाको सदैव सम्मान गर्ने र यही संस्कार र परम्परावाट हामी हुर्किदै आएकोले नेपाली कांग्रेसको आधिकारिक नेतृत्व सम्बन्धमा मिति २०८३ वैशाख ४ गतेको सर्वोच्च अदालतको निर्णय मान्दछौ ।

४ जे जस्तो सुकै कारणले भएपनि आम निर्वाचनको पूर्वसन्ध्यामा जवरजस्ती एक पक्षीयढंगले पार्टीको तथाकथित विशेष महाधिवेशन गर्नु गराउनु नै वर्तमान विवादको कारण हो । निर्वाचनमा व्यहोर्नु परेको समनाक पराजयको मुख्य जिम्मेवार विशेष महाधिवेशनको आयोजना र त्यसको अगुवाई गर्ने नेताहरूनै हुन् भन्ने हामी ठान्दछौ ।

५ विश्व राजनीतिवाट अत्यन्तै प्रभावित भएको नेपालको वर्तमान राजनीतिक परिवेशमा एकतावद्ध भएको सिङ्गो, सुदृढ र वलियो कांग्रेस पार्टीले मात्रै अन्य दलहरु र राष्ट्रवादी शक्तिहरु संग सम्वाद, सहमति र सहकार्य गर्दै राष्ट्रिय स्वाधिनता, सार्वभौमिकता नागरिक अधिकारको रक्षा एवं संघीय समावेसी लोकतान्त्रिक गणतन्त्र नेपालको रक्षा गर्न सक्ने ठहर गर्दै पार्टी वृहत्तर एकताका लागि सबैलाइ आव्हान गर्दछौ ।

६ नेपाली कांग्रेसको विधानको व्यवस्था अनुसार पार्टी छोडेका, अनुशासनको कार्वाहीमा परेका, मृत्यु भएका वा आफनै स्वेच्छाले सदस्यता त्याग गर्न चाहेका व्यक्तिहरूको सदस्यता सूचि अध्यावधी गर्नु र कुनै विशेष कारणले नविकरण गर्न छुटेका वा निर्वाचन पछि पनि पार्टीमा आउन चाहाने व्यक्तिहरूलाई क्रियाशील सदस्य प्रदान गर्नै पर्ने कारणले नविकरण वा वितरण गर्नु स्वभाविक नै हो ।

तर पार्टीको निर्णयानुसार पन्धौ महाधिवेशनको कार्यतालिका वमोजिम् क्रियाशील सदस्यता नविकरण तथा वितरण कार्य पनि लगभग सम्पन्न भईसकेको अवस्थामा पन्धौ महाधिवेशन नै नभई फेरी अध्यावधीको नाममा पूर्वाग्रही ढंगले नेपाली कांग्रेसको स्थापनाकालको इतिहास र लोकतन्त्रको क्रान्ति, संघर्ष र आन्दोलनका योद्धाहरूको जीवन संग जोडिएको क्रियाशील सदस्यता खारेज गर्दै अन्य कुनै नाममा नविकरण गर्ने भन्ने कुरा सरासर गलत र वदनीयतपूर्ण भएकोले त्यस्तो कार्य नगर्न नगराउन पार्टीका सबै तहका जिम्मेवार साथीहरुमा अपील गर्दछौ ।

७ नागरिकका व्यैतिक स्वतन्त्रता, राजनीतिक स्वतन्त्रता सहितको वाक स्वतन्त्रताका लागि सदा संघर्ष गरिरहेको नेपाली कांग्रेसको वर्तमान नेतृत्वले अहिले पार्टीकै विभिन्न नेताहरु उपर अभिव्यक्ति दिएकै आधारमा आग्रह



Email : purnakhadka649@gmail.com Phone: +977 9851085749

पूर्णबहादुर खड्का
निवर्तमान कार्यवाहक सभापति
पूर्व उपप्रधानमन्त्री तथा रक्षा, गृहमन्त्री

नेपाली | कांग्रेस

PURNA BAHADUR KHADKA
Immediate Past Acting President Nepali Congress
Former Deputy Prime Minister Defence,
Home Minister Nepal

र पूर्वाग्रह साधेर अनुशासनको नाममा स्पष्टिकरण सोध्ने र उनीहरु माथि कार्वाहीको डण्डा बजाउने कार्य तिव्र गतिमा बढेको घटनाक्रम प्रति हामी गंभिर आपत्ति प्रकट गर्दै त्यस्तो निरङकुस प्रवृति तत्काल रोक्न र आगामी दिनमा नदोहोर्याउन सम्वन्धित पक्षको ध्यानाकर्षण गर्दछौं ।

८. एकपक्षीय महाधिवेशन प्रतिनीनिधीहरुको मात्र सहभागितामा भएको तथाकथित विशेष महाधिवेशनवाट चयन भएको नेतृत्वले अब हुने पन्ध्रौ महाधिवेसनमा सम्पूर्ण पार्टी पंक्तिको सम्मानजनक सहभागिता गराउने र उक्त महाधिवेशनवाट निष्पक्ष निर्वाचन हुने कुरा असंभव भएकोले पार्टीको वृहत्तर एकताको महाधिवेशनका लागि सहमतिमा साझा संरचनाहरुको आवश्यकता हुने ठहर गर्दै सम्बन्धित सवैको ध्यानाकर्षण गर्दछौं ।

९. वृहत एकताको पन्ध्रौ महाधिवेशन गर्ने उद्देश्य र संकल्प पुरा गर्नका साथै समग्र पार्टी एकता र सुदृढ एवं सवल कांग्रेस निर्माणका लागि सिंगो कांग्रेसको सहभागिता हुने गरि चौधौ महाधिवेशनवाट संशोधित नेपाली कांग्रेसको विधान वमोजिम केन्द्र, प्रदेस, जिल्ला लगायत सवै तहमा पार्टी एकताको अभियान कार्यक्रम संचालन गर्न पर्दछ भन्ने हाम्रो प्रस्ट धारणा छ ।

१० केही समय यता एक्कासी बढ्दो महङ्गी, कालाबजारी, कृतिम अभाव र सरकारको लाहपरवाहीका कारण खाधान्न, यातायात, स्वास्थ, शिक्षा लगायतका सवै क्षेत्रमा नेपाली जनताको दैनिक जीवन अत्यन्तै कष्टकर बनेको छ । प्रभावकारी बजार अनुगमन गरी मूल्य नियन्त्रण गर्नुका साथै इंन्धन लगायतका अति आवश्यक बस्तुमा सरकारले विशेष छुट, अनुदान र राहतको नितीगत निर्णय गरी आम जनताको दैनिक जीवन सहज बनाउन सरकारसंग जोडदार माग गर्दछौं ।

११ लोकतान्त्रिक प्रणालीको निर्वाचन प्रक्रियावाट निर्वाचित सरकारले सरकारका निर्णयहरुको प्रारम्भनै लोकतान्त्रिक पद्दतिका लागि हरेक आन्दोलनहरुमा महत्वपूर्ण योगदान गरेका विद्यार्थी संघ,संगठन,स्वतन्त्र विद्यार्थी युनियन पेशागत हकहितका लागि प्रचलित राष्ट्रिय अन्तंराष्ट्रिय कानून बमोजिम स्थापना एवं गठन भएका ट्रेड युनियनहरुलाई नियन्त्रण, निषेध तथा खारेज गर्ने जस्ता निर्णय भएको विषयमा हाम्रो गंभिर ध्यानाकर्षण मात्रै भएको छैन अचम्मीत र आश्चर्यचकित पनि भएका छौ । तसर्थ यस्ता अलोकतान्त्रिक प्रकृतिका निर्णयहरु तत्काल फिर्ता लिइ उल्लेखित संघ संस्था र संगठनहरु संचालनमा देखिएका समस्या र कमजोरीहरुलाई पहिचानगरी आवश्यक सुधार गर्न समेत वार्ता र सम्वादको माध्यवाट समाधान गर्न सकिने भएकोले सम्वधित पक्षसग यथाशिघ्र वार्ताको प्रक्रिया थालनी गर्न पनि सरकारसग जोडदार माग गर्दछौं।

जय नेपाल !

तपाइंहरुको

पूर्णबहादुर खड्का
निवर्तमान कार्यवाहक सभापति
नेपाली कांग्रेस



Email : purnakhadka649@gmail.com Phone: +977 9851085749